का.जि.प्र.का.द.नं. १००/०५९/६०

३२ जेठ २०८१,
शुक्रबार
14 June 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई‍पेपर हेर्न

वर्ष २२, अंक १२२ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# संघीय बजेट भुरा योजना




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

प्रतिनिधि सभामा सांसदहरुले आगामी आर्थिक बर्षको बजेटको समीक्षा गरिरहेका छन् । बजेटमाथिको सामान्य छलफल सकाएर संसदमा मन्त्रालयगत छलफर जारी छ । सांसदहरु जब मन्त्रालयगत बजेटमाथिको समीक्षामा पुगे तब उनीहरुले एक लाख रकम परेका आयोजना एक भन्दा धेरै देखे ।

तीन करोड, पाँच करोड भन्दा कमको योजना संघीय बजेटमा नल्याउने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, अर्थमन्त्री बर्षमान पुनको सार्वजनिक प्रतिवद्धता थियो । तर, त्यस्तो प्रतिवद्धता अनुसार पत्याउनै नसकिने गरी एक/एक लाखका योजना परेपछि सांसदहरु सरकारको आलोचनामा उत्रिएका छन् । सत्तारुढ दलकै सांसदहरुले खुलेर मन्त्रालयगत बजेटको समर्थन गर्न सकिरहेका छैनन् ।

बिहीबार प्रतिनिधि सभामा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको बजेटमाथिको छलफल थियो ।

छलफलमा भाग लिँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद रोसन कार्कीले आगामी आर्थिक बर्षको बजेटमा अधिकांश मन्त्रालयका कुनै न कुनै आयोजनाका लागि एक/एक लाख रकम विनियोजन भएको स्मरण गरिन् ।

> शहरी विकास मन्त्रालयका ९१ वटा योजनामा एक/एक लाख परेको छ । शिक्षा मन्त्रालयको मदनभण्डारी विश्वविद्यालय, योगमाया आयुर्वेद विश्वविद्यालय चलाउन एक/एक लाख छुट्याइएको छ । स्मार्ट सिटी बनाउने योजनामा पनि एक लाख नै परेको छ । बजेटमा यस्तो देखेपछि सांसदहरुले '९९ बजार' सम्झिँदै 'हर माल ९९ वाला बजेट' भनेर ब्यङ्ग्य गरेका छन् ।

'कति धेरै योजनामा एक लाख रुपैयाँ आएको छ' यसप्रति ब्यङ्ग्य गर्दै उनले भनिन्, 'बजारमा एउटा पसल पाइन्छ, हरेक सामानको मूल्य ९९ रुपैयाँ । त्यस्तै संघीय सरकारको बजेटमा पनि कैयन योजनालाई एक/एक लाख बाडिँएको छ । प्लिज- हरेक माल ९९ वाला विधि नपनाइदिनुहोस् न ।'

सांसद कार्कीले भने जस्तै कैयन मन्त्रालयका कैयन योजनामा एक/एक लाख रकम विनियोजन भएको छ । शहरी विकास मन्त्रालयका ९१ वटा योजनामा एक/एक लाख परेको छ । यो मन्त्रालयको बजेटमा ५ लाखका १ सय ७७ वटा छन् । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको »» पृष्ठ २ मा



> बजारमा पसल पाइन्छ, हरेक सामानको मूल्य ९९ । त्यस्तै हरेक योजनालाई एक/एक लाख बाँडिएको छ । प्लिज- हरेक माल ९९ वाला विधि नपनाइदिनुहोस् न।
>
> **रोसन कार्की**, सांसद, राप्रपा

## मन्त्रिपरिषद् फेरबदलको गृहकार्य
# ओलीको निर्णय कुर्दै प्रचण्ड



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

सत्तारुढ दलहरु मन्त्रिपरिषद् फेरबदलको गृहकार्यमा छन् । यसका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेताहरुसँग छलफल बढाएका छन् ।

प्रधानमन्त्री प्रचण्डले जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा सहभागी गराएर मन्त्रिपरिषद पुनर्गठनको गृहकार्य अघि बढाएका हुन् । बालुवाटार स्रोतका अनुसार प्रधानमन्त्री प्रचण्डले सुरुवाती चरणदेखि सरकारमा सहभागी भएका पार्टीका केही मन्त्रीलाई फिर्ता बोलाएर मन्त्रिपरिषद पुनर्गठनको गृहकार्य अघि बढाएका छन् ।

प्रधानमन्त्री प्रचण्डको योजनाअनुसार माओवादीबाट सरकारमा रहेका पुराना मन्त्रीहरुलाई फिर्ता बोलाएर नयाँलाई अवसर दिनेबारे छलफल अघि बढेको छ । तर निर्णय भइसकेको छैन । नेताहरुका अनुसार दोहोरिएका मन्त्रीहरूलाई फिर्ता बोलाएर नयाँलाई अवसर दिने प्रधानमन्त्री प्रचण्डको चाहना छ । हाल माओवादीबाट उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, अर्थमन्त्री वर्षमान पुन, ऊर्जामन्त्री शक्ति बस्नेत, सञ्चारमन्त्री रेखा शर्मा र पर्यटनमन्त्री हितबहादुर तामाङ छन् । अर्थमन्त्री पुन र पर्यटनमन्त्री तामाङबाहेक सबै पुराना मन्त्री हुन ।

> एमाले र माओवादीले एक/एक मन्त्री फिर्ता बोलाएर जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा सहभागी गराउने तयारी छ । तर एमालेका कसलाई फिर्ता बोलाउने र भागबण्डामा एमालेले कुन मन्त्रालय छोड्दा सट्टामा के पाउने जस्ता विषय टुंगिएको छैन ।

प्रधानमन्त्री प्रचण्डले पर्यटन मन्त्रालयको नेतृत्व दिएर सरकारमा सहभागी गराउने प्रतिवद्धता जनाएको नाउपाकी अध्यक्ष रञ्जिता श्रेष्ठले सार्वजनिक रुपमै बताएकी छन् । प्रधानमन्त्री प्रचण्डले बचन दिइसकेकाले वर्तमानमन्त्री तामाङलाई पनि फिर्ता बोलाउने वा मन्त्रालय हेरफेर गर्नुपर्ने हुन्छ ।

प्रधानमन्त्री प्रचण्डले पार्टीका मन्त्रीहरुका सम्बन्धमा निर्णय गरेता पनि जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलाई सरकारमा सहभागी गराउन प्रमुख सत्ताघटक नेकपा एमालेको समर्थन खोजेका छन् । एमालेका अध्यक्ष ओली यी दुवै पार्टीलाई सरकारमा सहभागी गराउन तयार छन् । तर दुई पार्टीलाई सरकारमा सहभागी गराउँदा एमाले »» पृष्ठ २ मा

**सन्दर्भः विश्व रक्तदाता दिवस**

# रगत व्यवस्थापनमा सरकारको बेवास्ता

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ३१ जेठ ।

'रक्तदान जीवनदान, रक्तदान महादान'

यो स्लोगन पछिल्ला केही वर्षदेखि जतातत‌ै सुन्नमा आएको छ । तर, आधिकारिक जानकारी नहुँदा अधिकांश नेपालीहरूले रक्तदान गर्दैनन् । अहिले वार्षिक १ लाख हाराहीले रक्तदान गर्ने गरेको अनौपचारिक तथ्यांक छ । यो नेपालमा कूल जनसंख्याको शून्य दशमलव ८ प्रतिशतले मात्र रक्तदान गर्ने गरेको पाइन्छ । त्यसमा पनि धेरैले नियमित रक्तदान गरेको पाईंदैन । रक्तदातामध्ये करिब १७ प्रतिशत महिला र पुरुष ८३ प्रतिशत रहेको तथ्यांक छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार एउटा देशमा रगतको अभाव हुन नदिन कम्तीमा पनि दुई प्रतिशतले रक्तदान गर्नुपर्ने हुन्छ । तर, नेपालमा रक्तदान गर्दा कमजोर भइन्छ, विभिन्न रोग सर्छ भन्ने डरले भने सोचका कारण पनि धेरैले रक्तदान गर्न योग्य व्यक्तिहरू हिच्किचाउने गरेको अभियन्ताहरू बताउँछन् ।

यद्यपि पछिल्ला वर्षमा नेपालमा रक्तदान गर्नेहरूको संख्यामा बृद्धि हुँदै गएको छ । तर अहिलेसम्म कति जनाले कतिपटक कति मात्रमा रक्तदान गरे भन्ने एकीन तथ्यांक सरकारसँग भने छैन ।

नेपाल रेडक्रस सोसाइटीको तथ्यांकअनुसार वि.स. २०२३ साउनसम्ममा नेपालमा वार्षिक १ सय ५७ जनाले रक्तदान गरेका थिए । त्यसपछिको पाचौं दशकमा रहदा वर्षेनी रक्तदाता बढ्दै गएका छन् ।

अहिले वार्षिक १ लाख भन्दा बढी मानिसले वार्षिक रक्तदान गर्ने गरेको तथ्यांक छ । तथ्यांकअनुसार वार्षिक सप्लाइ भने करिब २ लाख रहेको छ । एउटै व्यक्तिले दिने रगतबाट रक्ततत्वका आधार दुइभन्दा बढी बनाउन मिल्ने हुँदा रक्तदान १ लाख हुँदा सप्लाइ दोब्बरभन्दा बढी हुन पुगेको हो ।

पछिल्लो तथ्यांकअनुसार नेपालमा भइरहेको स्यमसेवा रक्तदान राम्रो भए पनि व्यवस्थापन प्रभावकारी नहुँदा समस्या भइरहेको स्वयंमसेवक रक्तदाता प्रेमसागर कर्माचार्यले बताए । 'रक्तदान प्रयाप्त भइरहेको छ । यसको व्यवस्थापनमा सरकारले ध्यान दिनै सकेको छैन । त्यसैले रगत अभाव छ कि जस्तो देखिन्छ । धेरै रगत त डम्प भइरहेको छ ।' कर्माचार्यले भने, 'पछिल्लो समय हामीजस्ता अभियन्ताको निरन्तर »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# असार मसान्तसम्म अनलाइन प्रमाणीकरण रोक्न संघको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ जेठ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले तयारी नपुगेको भन्दै कम्तीमा आगामी असार मसान्तसम्म अनलाइन मागपत्र प्रमाणीकरण स्थगित गर्न माग गरेको छ । यूएईस्थित नेपाली दूतावासले जुन १० तारिकदेखि परराष्ट्र मन्त्रालयले तयार पारेको प्राविधिक प्लेटफर्मलाई वैदेशिक रोजगार विभागले सञ्चालनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) मार्फत समन्वय गरी शुरु गरेको मागपत्र प्रमाणीकरणको काममा समस्या देखिएपछि संघले अनलाइन प्रमाणीकरणको काम कम्तीमा असार मसान्तसम्म स्थगित गरी पूर्णरुपमा तयारी गरेपछि लागू गर्नु उचित हुने बताएको छ ।

यूएईस्थित नेपाली दूतावासले गत जुन ६ तारिकमा सूचना जारी गरेर चार दिनपछि जुन १० तारिक अर्थात गत सोमबारबाट अनलाइन प्रणालीबाट मात्रै मागपत्र प्रमाणीकरणको प्रक्रिया शुरुवात गरिएको बताएको थियो । मागपत्र प्रमाणीकरण र अपलोडको क्रममा फेमिसमा समस्या आएपछि बुधबार यूएईका दुई दर्जन बढी रोजगारदाताको फाइल अपलोड हुन सकेको थिएन । बिहीबार दिउँसो पनि तीन घण्टासम्म फेमिसमा समस्या देखिएका कारणले कुनैकुनै काम हुन नसकेको बताइएको छ ।

संघका महासचिव मेघनाथ भुर्तेलले विभागले प्रयोग गरिरहेको सफ्टवेयर र परराष्ट्र मन्त्रालयले तयार पारेको अनलाइन प्रणालीमा एक अर्कासँग उचितरुपमा समन्वय (कम्प्याक्ट) नहुने समस्यासमेत देखिएको बताए । प्राविधिकहरुले समस्या समाधानका लागि काम गरिरहेको बताए पनि पुरानो मोडल र कमजोर क्षमताको फेमिसमा दूतावासहरुको प्रणाली जोडेर सहजरुपमा काम हुने अवस्था नदेखिएका कारणले पनि तत्कालै अनलाइन »» पृष्ठ २ मा

## कतारमा इद-अल-अजहाको अवसरमा पाँच दिन सार्वजनिक बिदा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३१ जेठ

इस्लाम धर्मावलम्बीहरूको दोस्रो महान् चाड इद-अल-अजहाको अवसरमा कतारको अमिरी दिवानले सार्वजनिक बिदाको घोषणा गरेको छ । घोषणा अनुसार मन्त्रालयहरू, अन्य सरकारी निकायहरू र सार्वजनिक संस्थानहरूका लागि आइतबार जुन १६ तारिकबाट जुन २० सम्म पाँच दिन बिदा दिइएको छ ।

इदको अवसरमा कतारस्थित नेपाली दूतावास पनि जुन १६ र १७ तारिक बन्द हुने दूतावासले जनाएको छ । कतार केन्द्रीय बैंक (क्यूसीबी) र कतार वित्तीय बजार प्राधिकरण (क्यूएफएमए) को पर्यवेक्षणमा काम गर्ने बैंक तथा वित्तीय संस्थाहरूले जुन १६ बाट »» पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३२ जेठ २०८१, शुक्रबार
14 June 2024, Friday

# फोहोर संकलनको कर हटाउन माग

**सुनिल आउजी/मध्यान्ह**
धनगढी, ३१ जेठ

नेकपा एमाले धनगढीले धनगढी उपमहानगरपालिकाले फोहोर संकलनका नाममा लिँदै आएको कर हटाउन माग गरेको छ ।

बिहीबार नेकपा एमाले धनगढी उपमहानगर कमिटीले मेयर गोपाल हमाललाई ज्ञापनपत्र बुझाउँदै फोहोरमाथि लगाइएको कर हटाउन माग गरेको हो ।



उपमहानगर कमिटीकी नवनिर्वाचित अध्यक्ष अम्बिका बिष्ट मल्लले पछिल्लो समय धनगढी उपमहानगरपालिकाले विभिन्न क्षेत्रमा लगाएको करबाट नगरवासी आतंकित भएका कारण फोहोरमा लगाइएको कर हटाउन माग गरिएको बताइन् ।

जनताका आधारभूत आवश्यकताभित्र पर्ने स्वास्थ्य र सरसफाइ जस्तो क्षेत्रमा समेत कर लगाउनु अव्यवहारिक छ ज्ञापनपत्रमा भनिएको छ,'स्वास्थ्य र सरसफाइ स्थानीय सरकारको प्रमुख दायित्व रहेका कारण उपमहानगरवासीमा दिइने सेवाबारे दायित्वबोध हुन जरुरी छ, आम नागरिकले दैनिक जीवन निर्वाह गर्दा हरेक शिर्षकमा सरकारलाई तिर्दै आएको कर यति धेरै छ, की आम्दानी कर, घरबहाल कर, मालपोत, व्यवसाय कर, अनेकौं शिर्षकमा कर तिरिरहनु परेको छ ।' नागरिकले सबै क्षेत्रमा राज्यलाई कर बुझाएपनि फोहोरको समेत कर लगाउनु अव्यवहारिक रहेको गुनासो बढेपछि उपमहानगरका मेयर गोपाल हमालको ध्यानाकर्षण गराइएको कमिटी अध्यक्ष मल्लले बताइन् ।

'नेकपा एमाले हरेक जनताका जनजीविकाका सवालमा विगतबाटै आवाज उठाइरहेको छ,' उनले भनिन् 'जनताका समस्या सम्बोधन होउन, राज्यलेनै जनतालाई हरेक क्षेत्रबाट मारमा पार्ने काम नगरोस्, आफ्नो दायित्व राज्यले पूरा गरोस् भन्ने हाम्रो माग हो, हामी जनतालाई परेका पिर मर्का सधैं उठाउने छौं, यस विषयमा मेयर साप गम्भीर हुनुहुने छ भन्ने अपेक्षा लिएका छौं ।'

# महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई आँखासम्बन्धी जनचेतना तालिम

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३१ जेठ



नेपाल नेत्र ज्योती संघ, गौर आँखा अस्पताल पुरेनवाले परोहा नगरपालिकाको रामपुर खापमा आँखा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक तालिम सम्पन्न गरेको छ ।

सेवा फाउण्डेशनको आर्थिक सहयोगमा गौर आँखा अस्पताल पुरेनवा रौतहटद्वारा परोहा नगरपालिका वडा नम्वर ५ रामपुर खापस्थित जनता माध्यमिक विद्यालयमा बिहीबार आँखा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक तालिम सम्पन्न भएको हो ।

सेवा फाउण्डेशनको सहयोगमा विगत वर्षझैं धामी झाँक्री, औषधी बिक्रेता, स्वास्थ्य कार्यकर्ता, राजनीतिर्मीहरुलाई दिइने कार्यक्रम अन्तर्गत रामपुर खापमा महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई एक दिने आँखा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक तालिम दिइएको हो । उक्त कार्यक्रममा २७ जना महिला स्वास्थ्य स्वयंसेवीकाहरुको उपस्थिति रहेको थियो भने स्थानीयस्तरमा परोहा नगरपालिकाको स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्यकर्मीहरुको उपस्थिति रहेको गौर आँखा अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेले जानकारी दिए ।

उक्त प्रशिक्षण कार्यक्रममा नेत्र अधिकृत विनिता केसरी र प्रशिक्षक सत्येन्द्र पाण्डेले कार्यक्रममा सहभागी महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई आँखा स्वास्थ्य सम्बन्धी ज्ञान, सीपहरु दिँदै गर्मीको समयमा आँखालाई सुरक्षित राख्ने विधिहरुको प्रशिक्षण दिएका थिए ।

# ताला फुटाएर हाजिर भएका उपसचिवमाथि कारबाहीको माग

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ३१ जेठ

फतुवा विजयपुर नगर पालिकामा ताला फुटाएर हाजिर भएका उपसचिव सुरेन्द्र प्रधान उपर कारबाही गर्न कार्यवाहक नगर प्रमुख अम्वेया खातुनले माग गरेकी छन् । नगरपालिकामा गलत मनसायले पटक-पटक आउन खोज्नेलाई कारबाही गर्न प्रमुख जिल्ला अधिकारी जिल्ला अधिकारी हिरालाल रेग्मीलाई भेटेर अनुरोध गरेको नगर प्रमुख खातुतले बताइन् ।

सधैं र सबै विवादबाट अलग हुन लागेका नगरको आर्थिक, प्रशासनिक, कानूनी तथा राजनीतिक रुपले पारदर्शी रुपमा काम गरिरहेपनि गलत नियतले



पटक-पटक प्रमुख प्रशासकीय अधिकृतमा सुरेन्द्र प्रधानलाई नपठाउन सामान्य प्रशासन तथा संघीय मन्त्रीलाई आग्रह गरेको उनले बताइन् ।

फतुवा विजयपुर नगर पालिकाका नगर प्रमुख नदीजन्य पदार्थको बिक्री वितरण मुद्दामा परी निलम्बन परेपछि विवादलाई मिलाएर काम गरिरहेका छन् ।

मन्त्रालयको निर्णय अनुसार आफु थप जिम्मेवारी वहन गर्न आफ्नो कार्यालय पगेर हाजिर गर्नु कुनै ठूलो अपराध गरेको जस्तो आफुलाई नलागेको प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र भण्डारीले प्रतिक्रिया दिएका छन् ।

नगर प्रमुख खातुनसँगै आफु प्रमुख जिल्ला अधिकारी रेग्मीलाई भेटेको अर्का प्रमुख प्रशासकीय अधिकृत वकिल पालले बताए ।

# 'बालविवाह रोक्न सबैको साथ र सहयोग आवश्यक'

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, ३१ जेठ

रौतहट राजपुर नगरपालिकाका नगर प्रमुख डा.राजिक आलमले बालविवाह रोक्न सबैको साथ र सहयोग आवश्यक रहेको बताएका छन् । वडा नं.४ मा आयोजित जनचेतनामूक सडक नाटक कार्यक्रममा उनले यस्तो बताएका हुन् । तराई मधेशमा बालविवाहका कारण समस्या हुने



गरेको छ उनले बताए । बालविवाह न्यूनीकरण गर्न स्थानीय सरकारहरु लाग्नुपर्ने उनले बताए । आलमले आफ्ना छोराछोरीको उमेर पुगेर आत्मनिर्भर भएपछि मात्रै विवाह गरिदिन आग्रह गरे । बालविवाह न्यूनीकरण सम्बन्धी जनचेतनामूलक नाटक आरडिसी नेपालको सहयोगमा सम्पन्न भएको नगरपालिकाका नि.प्रशासकीय प्रमुख खुरसैद आलमले बताए । सडक नाटकमा बालविवाहका असर, बालविवाह रोकथामका उपायका बारेमा जानकारी गराइएको थियो ।

# अन्तर्राष्ट्रिय सेफ सोसाइटी साइप्रस शाखा गठन

**मध्यान्ह संवाददाता**
साइप्रस, ३१ जेठ

अन्तर्राष्ट्रिय सेफ सोसाइटीको शाखा साइप्रसमा पनि गठन भएको छ । विश्वका १८ भन्दा बढी देशमा शाखा विस्तार गरेको उक्त संस्थाले गत मंगलबार लिमासोलस्थित गोर्खा किचन रेस्टुरेन्टमा एक कार्यक्रमको आयोजना गर्दै साइप्रस शाखाका लागि नयाँ कार्यसमिति चयन गरेको हो ।



सोसाइटीका केन्द्रीय अध्यक्ष अरुण अधिकारीको भर्चुअल उपस्थितिमा भएको कार्यक्रममा सेफ रेशमबहादुर लामाको अध्यक्षतामा ३४ सदस्यीय नयाँ कार्यसमिति गठन गरिएको छ । कार्यक्रममा बोल्दै केन्द्रीय अध्यक्ष अधिकारीले नेपाली खानालाई विश्वमाझ परिचित गराउन निरन्तर एकताबद्ध भएर लाग्नुपर्ने बताए । उनले नवगठित कार्यसमितिलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरे ।

'नेपाली सेफहरुको व्यक्तित्व विकास तथा नेपाली खानाको स्तरोन्नतिका लागि हाम्रो अभियान' भन्ने मूल नाराका साथ विश्वभर छरिएर रहेका सेफहरुलाई संगठित गर्ने उद्देश्यले साइप्रसमा पनि शाखा गठन गरिएको हो । नव कार्यसमितिको अध्यक्षमा रेशमबहादुर लामा, वरिष्ठ उपाध्यक्षमा रविचन्द्र राई, उपाध्यक्षमा प्रदीप तामाङ, पियुस लामा (नेगी), रेशम पाण्डे र बलराम खतिवडा चयन भएका छन् । यसैगरी महासचिवमा गोपाल प्रसाद तिमिल्सिना, सचिवमा नविन चौलागाईं, सहसचिवमा पूर्ण बहादुर श्रेष्ठ, कोषाध्यक्षमा लाल बहादुर बुढा मगर, प्रथम सह-कोषाध्यक्षमा अरुण तामाङ र सह-कोषाध्यक्षमा राम पाखिन चयन भएका छन् ।

यस्तै सदस्यहरूमा अबी लामा, लक्ष्मण अमन, विवेक मगर, सुर्य तामाङ, बियान लामा, सुमन पाण्डे, विजय मथियल, ज्यो ज्यो मगर, खुम अधिकारी, कविन्द्र श्रेष्ठ, परशुराम राई, दिवास गुरुङ, राजाराम बस्नेत, सरोज तामाङ, लक्ष्मण अङ्गाई, गजल लामा, दिपेश गुरुङ, मनोज कुमार गुराई, रोजन लामा, सुजन श्रेष्ठ र मनोज श्रेष्ठ चयन भएका छन् ।

संस्थाको प्रमुख सल्लाहकारमा सेफ हरिराम घिमिरे र समिम मियाँलाई नियुक्त गरिएको सचिव नविन चौलागाईंले जानकारी दिए । नवनिर्वाचित अध्यक्ष लामाले साइप्रसलाई कर्मथलो बनाउँदै भान्से पेशा, पाक कलामा कार्यरत सम्पूर्ण सेफहरुको साथ र सहयोगले अभियान सफल हुने विश्वास व्यक्त गरे । संस्था गठन प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गरेका संयोजक सेफ युवराज तामाङ, सह-संयोजक सेफ सुदर्शन लामालाई अध्यक्ष लामाले धन्यवाद दिए ।

अन्तर्राष्ट्रिय सेफ सोसाइटी विश्वभरका नेपाली सेफहरुलाई एकीकृत गर्दै नेपाली खानाको प्रचार प्रसार, खानाको स्तरोन्नतिका साथै नेपाली सेफहरुको व्यक्तित्व विकासमा मद्दत पुऱ्याउन लागिपरेको छ ।

# साइक्लिङसँगै सामाजिक कार्यमा बाणगंगा राइडर्सको सक्रियता



**क्षितिज किरण/मध्याह्न**
कपिलवस्तु, ३१ जेठ

कपिलवस्तुको बाणगंगा नगरपालिकामा स्थापना भएको बाणगंगा राइडर्स क्लवले साइक्लिङसँगै सामाजिक र मानवीय कार्यको पनि थालनी गरेको छ ।

वातावरणीय तथा शारीरिक स्वास्थ्यको लागि साइकल चलाउनुपर्दछ भन्ने जनचेतना जगाउने उद्देश्यले स्थापना भएको क्लवले अब सामाजिक कार्यमा पनि संलग्न रहनुपर्दछ भन्ने निर्णय गर्दै वडा नम्बर १ बाट सामाजिक कार्यको थालनी गरेको हो ।

उत्तमनगर 'उप्टहवा' मा बनेको स्वास्थ्य चौकीमा बिरामीको लागि शुद्ध खानेपानीको सुविधा छैन भन्ने जानकारी आएपछि क्लवमा आवद्ध सदस्यहरुले रकम जुटाइ तातो चिसो शुद्ध पानी पिलाउने फिल्टर मेसिन हस्तान्तरण गरेका हुन् । क्लवका अध्यक्ष विष्णु प्रसाद सापकोटा, क्लवको परिकल्पनाकार विष्णु घिमिरे लगायतको टोली मंगलबार बिहानै साइकल पोशाकमै फिल्टर हस्तान्तरणको लागि स्वास्थ्य चौकीमा पुगेका थिए ।

फिल्टर ग्रहण गर्दै स्वास्थ्य चौकीकी इन्चार्ज ईश्वरा खरेलले बिरामीको लागि क्लवले ठूलो गुन लगाएको बताइन् ।

'आमा समुहले दिएको जग्गामा स्वास्थ्य चौकीको भवन बनेको भएतापनि त्यहाँ अझैं पनि केहि कुराहरुको अपुग छ,'इन्चार्ज खरेलले भनिन्, 'क्लवले निकै राम्रो काम गरेको छ । हामीले नगरमा पनि यसबारे समीक्षा गर्नेछौं । हजुरहरुको सहयोगले यहाँ आउने बिरामीको लागि धेरै राम्रो गर्नेछ ।'

उनले स्वास्थ्य चौकीको समग्र अवस्था 'राम्रो र अभाव पक्ष' बारे पनि बताएकी थिइन् । स्वास्थ्य चौकीले क्लवलाई खादा, पुष्पगुच्छाले स्वागत गरेको थियो ।

क्लवका अध्यक्ष सापकोटाले क्लव स्थापना भएको धेरै समय भएको भएपनि दर्ता प्रकृया पूरा भएको २ महिना मात्र भएको जानकारी गराउँदै आगामी दिनमा नगरका दुखी,गरिब र असहाय ठाउँमा क्लव पुग्ने, जनचेतनामुलक कार्यक्रम तथ पर्यावरण संरक्षण र सरसफाइको लागि काम गर्ने बताए ।

कार्यक्रमको संचालन सचिव रामचन्द्र बेलबासेले गरेका थिए । उनका अनुसार अब जनप्रतिनिधिका कामको पनि क्लवले बेलाबेलामा अनुगमन गर्ने छ ।

टोली अब नगरका कुना कन्दरामा पुग्ने र विकास निर्माणको अवलोकन र अध्ययन संगै आवश्यक ठाउँम खबरदारी गर्ने क्लवका सदस्यहरु बताउँछन् । क्लवमा करिब ४० जना सदस्य आवद्ध छन् । सबै सदस्यहरु यस क्षेत्रका ब्यापार, ब्यवसाय र पेशामा आवद्ध भएका ब्यक्ति हुन् ।

उनीहरु विहान विहान क्लवको पहेँलो जर्सी लगाएर नगर भित्र तथा बाहिरका बिभिन्न ठाउँहरुमा साइकल चलाएर पुग्ने गर्दछन् । स्वास्थ्य बन्न र बातावरण सफा राख्नको लागि यस्तो अभियान सुरु गरिएको क्लवका उपाध्यक्ष विष्णु गैरेले बताए । टोलीलाई देखेर अहिले क्लवप्रति आकर्षण बढेको छ ।

**संघीय...**

मदन भण्डारी विश्वविद्यालय, योगमाया आयुर्वेद विश्वविद्यालय चलाउन एक/एक लाख छुट्याइएको छ । स्मार्ट सिटी बनाउने योजनामा पनि एक लाख नै परेको छ ।

गोरखाको कोयापानी-चौताराभञ्ज्याङ-धावा-बालुवाटार सडक स्तरोन्तति गर्न १ लाख रुपैयाँ बजेट परेको छ ।

गोरखाकै बिमिरे-दार्मीचौर-आँपपिपल-सिम्पानी सडक र सातदोबाटो-बाघडाँडा-गाईखुर सडकले पनि एक-एक लाख रुपैयाँ बजेट पाएका छन् ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजनामार्फत खर्च गर्ने गरी स्याङ्जाको पुतलीबजार-सतौन-दरौन-पञ्चमूल-आरुचौर सडक र तीनदोबाटो-चिताडाँडा-साङ्लिन मैदान सडकले पनि एक-एक लाख रुपैयाँ बजेट पाएका छन् ।

झापाको भद्रपुरको तेलकानी सडक स्तरोन्नति र तेह्रथुमको लसुनेमा शहीद स्मृति पार्क र सभाहल निर्माण लगायतका योजनामा पनि एक लाख रुपैयाँ बजेट राखिएको छ ।

संसदमा प्रस्तुत बजेटमा यस्तो देखेपछि सांसदहरुले '९९ बजार' सम्झिँदै 'हर माल ९९ वाला बजेट' भनेर ब्यङ्ग्य गरेका हुन् ।

शहरी विकास मन्त्रालयका ९१ वटा योजनामा एक/एक लाख रुपैयाँ परेको छ । शिक्षा मन्त्रालयको मदनमण्डारी विश्वविद्यालय, योगमाया आर्युवेद विश्वविद्यालय सञ्चालन गर्ने योजनामा एक/एक लाख रकम छुट्याइएको छ । स्मार्ट सिटी बनाउने सरकारी योजनामा पनि एक लाख नै परेको छ । यस्तो देखेपछि सांसद कार्कीले '९९ बजार' सम्झिँदै 'हर माल ९९ वाला बजेट' भनेर ब्यङ्ग्य गरेकी हुन् ।

**मन्त्रिपरिषद ...**

र माओवादीले क-कसलाई मन्त्रीबाट फिर्ता बोलाउने निर्णय लिनुपर्छ । एमाले र माओवादीले एक/एक मन्त्री फिर्ता बोलाएर दुई पार्टीलाई सरकारमा लैजाने प्रचण्डको चाहना छ । तर, एमालेका कसलाई फिर्ता बोलाउने र भागवण्डामा एमालेले कुन मन्त्रालय छोड्दा कुन पाउने जस्ता विषय टुंगिएको छैन । यहीकारण मन्त्रिपरिषद पुनर्गठनको गृहकार्य अघि बढेर पनि निर्णयमा पुगेको छैन ।

यो विषयमा प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष ओलीको निर्णय खोजेका छन् । यस विषयमा दुई नेताबीच निरन्तर छलफल समेत चलिरहेको छ। संघीय संसदमा बजेटमाथि छलफल चलिरहेकोले पनि तत्काल प्रचण्डको चाहना अनुसार मन्त्रिपरिषद हेरफेर हुन नसकिरहेको कतिपयको टिप्पणी छ ।

प्रतिनिधि सभाबाट आगामी असार ७ गते बजेट पारित गर्ने तयारी छ । राष्ट्रिय सभाबाट पनि बजेट पारित हुनुपर्छ । दुवै सभाबाट बजेट पामरित भएपछि मन्त्रिपरिषद हेरफेर गर्नु उपयुक्त हुने कतिपय नेताहरुको राय छ । एउटा मन्त्रीले बजेट ल्याउने र अर्कोले संसदमा जवाफ दिने विषय स्वभनीय नहुने नेताहरुको सुझाव छ ।

**रगत...**

खबरदारीले खेर जाने समस्या अली घट्दै गएको छ ।'

कर्माचार्यकाअनुसार रगतको माग जति हुन्छ । त्यसको ३० देखि ३५ प्रतिशत मात्रै उपयोग हुने गरेको छ । त्यसैगरी माग गरिएर अस्पतालसम्म गएको रगत पनि बैंकमा फिर्ता नहुँदा अस्पतामै खेर जाने गरेको छ । यसले गर्दा रगत अभाव जस्तो देखिने अभियान्ताले कर्माचार्यले बताए ।

१८ देखि ६० वर्षसम्म उमेर र ४५ किलोभन्दा बढी तौल भएका साथै सबै शारीरिक र हेमाटोलोजिकल मापदण्ड पूरा भएको तथा शरीरमा रगत न्यूनतम् तीन सय ५० मिलिलिटर भएका सबैले रक्तदान गर्न मिल्ने कर्माचार्यले बताए। सामान्यतयाः एउटा व्यक्तिको शरीरमा छ लिटर (करिब दश युनिट) रगत उत्पादन हुन्छ । जबकि रक्तदानको समयमा भने एक युनिट अर्थात् चार सय ७० मिलिमिटर रगतमात्र निकाल्ने निकालिन्छ । शरीरमा रगत निर्माण भएको एक सय २० दिनभित्र उक्त रगत स्वतः नष्ट हुने गर्छ। भने त्यस्तो रगत दान छिटोछिटो रगतको उत्पादन हुने गर्दछ ।

रगतलाई 'ए, बी, एबी, ओ' पोजिटिभ र 'ए, बी, एबी, ओ' नेगेटिभ गरी सामान्यतया आठ समूहमा विभाजन गरिएको हुन्छ । यसभित्र ५ सय भन्दा बढी माइक्रो रक्तसमुह रहेका छन् ।

**असार...**

प्रणालीबाट मागपत्र प्रमाणीकरण सहज नभएको व्यवसायीहरु बताउँछन् ।

एक पटक अपलोड असफल भएपछि पटक-पटक प्रयास गर्नुपर्ने र बीचमा स्थानीय वा सार्वजनिक बिदा परेमा तीन हप्तासम्म समय लाग्ने कतिपय व्यवसायीको भनाइ छ। मुस्लिम बाहुल्य खाडी मुलुकहरु आइतबारदेखि अल-ईद-अदाको चाड परेको छ। उक्त पर्वमा तीन दिनदेखि पाँच दिनसम्म सार्वजनिक बिदा दिइएको छ। शुक्रबार मागपत्र प्रमाणीकरण नभए अर्को हप्ताको अन्त्यतिर कुर्नुपर्ने छ ।

महासचिव भुर्तेलले अनलाइन प्रणालीमा समस्या आइ समयमै मागपत्र प्रमाणीकरण नहुँदा व्यवसायीले इजाजतपत्र नवीकरण गर्नकै लागि वार्षिक सय जना कामदार पठाउनुपर्ने विषयमा पनि प्रतिकूल असर पर्ने अवस्था देखिएको बताए । हाल दर्ता तथा नवीकरण भइरहेका करिब एक हजार म्यानपावर कम्पनीमध्ये जेठ मसान्तसम्ममा ४ सय ५० भन्दा धेरै म्यानपावर कम्पनीको वार्षिक सय संख्या पुगेको छैन । असार मसान्त आउन अब एक महिनामात्र बाँकी छ।

नेपाली कामदारको प्रमुख रोजगार गन्तव्य मलेसिया एक महिनायता लगभग पूर्णरुपमा ठप्प रहेको छ । मलेसिया बन्द भएपछि यूएईबाट आउने डिमाण्ड धेरै म्यानपावर कम्पनीका लागि संख्या सय पुऱ्याउने आधार र एकमात्र विकल्प बनेको छ। अनलाइन प्रणालीमा समस्या आइ मागपत्र प्रमाणीकरण नभएको अवस्थामा सयौं म्यानपावर कम्पनीले इजाजतपत्र नवीकरण गर्नकै लागि पनि सय संख्या नपुऱ्याउने अवस्था हुने डर धेरै व्यवसायीलाई छ । त्यतिमात्र नभएर मागपत्र प्रमाणीकरण समयमै नभएको अवस्थामा यूएईका रोजगारदाताका दृष्टिमा नेपाल झन्झटिलो र अविश्वासिलो स्रोत मुलुकमा रहने खतरा पनि रहेको छ । नेपालीका लागि यूएईको श्रम बजारमा रहेको आकर्षक रोजगारीको अवसर गुम्ने र त्यसले रेमिट्यान्स आप्रवहामा पनि नकारात्मक असर पर्ने खतरा छ । संघका महासचिव भुर्तेलले मलेसिया बन्द रहेको अवस्थामा आर्थिक वर्षको अन्त्यमा आएर यूएई दूतावासले अनलाइन अनिवार्य गर्नु जानीबुझी समस्या सिर्जना गरेको अर्थमा धेरै व्यवसायीले बुझेको बताए । यसअघि अनलाइन प्रणाली लागू गर्ने विषयमा छलफल हुँदा एक महिना पछि अर्थात तयारी गरेर गल्फ कोअपरेशन काउन्सिल (जीसीसी) अन्तर्गतका खाडी मुलुकमा रहेका नेपाली दूतावासहरुले एकसाथ जुलाई अन्त्यतिरबाट अनलाइन प्रविधिमा जाने सहमति भएको उल्लेख गर्दै महासचिव भुर्तेलले यूएईस्थित नेपाली दूतावासले छोटो समयको सूचनाका आधारमा हतारहतार जुन १० देखि नै अनलाइन शुरु गर्नुलाई व्यवसायीले सहजरुपमा बुझ्न नसकेको पनि टिप्पणी गरे ।

दूतावासको अनलाइन मागपत्र प्रमाणीकरणले सिर्जना गरेको समस्याका बारेमा संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री र सचिवसँग छलफल गरेर कम्तीमा असार मसान्तसम्म पहिलेकै प्रणालीमा मागपत्र प्रमाणीकरण गर्ने व्यवस्था गर्न आग्रह गर्ने उनले बताए ।

वैदेशिक रोजगारीको काम कारबाहीलाई प्रविधिमैत्री बनाउन वैदेशिक रोजगार विभागले एक दशकअघिदेखि फेमिस प्रणाली प्रयोगमा ल्याएको छ। तर प्रणालीमा समय-समयमा समस्या आउने र ल्याउने गरेपछि वैदेशिक रोजगारमा जाने श्रमिकदेखि म्यानपावर कम्पनी समस्यामा पर्ने गरेका छन् । फेमिस प्रणालीको सफ्टवेयरको आपूर्तिकर्ता ई-बिमा कम्पनी हो भने हार्डवेयर आपूर्तिकर्ता दृष्टि टेक कम्पनी हो । सेवा आपूर्तिकर्तासँग छलफल गर्दै यसअघि श्रममन्त्री डोलप्रसाद अर्यालले 'काम गर्न सक्नुहुन्छ भने गर्नुहोस् अन्यथा अन्य विकल्प खोजेर भएपनि एक महिनाभित्रमा एक घण्टामा श्रम स्वीकृति दिन सक्ने गरी फेमिस प्रणालीको सुधार गर्नेछु' भनेका थिए। तर प्रणालीमा दैनिकजसो समस्या आइरहेको छ भने मन्त्री अर्यालले सुधारको कुनै ठोस कदम चालेको देखिएको छैन ।

**कतारमा...**

१८ सम्म बिदा दिने घोषणा गरेका छन् ।

कतारको गृह मन्त्रालयले सुरक्षा र ट्राफिक अनुसन्धान विभागहरूले इद अल अजहाको बिदाको समयमा पनि चौबिसै घण्टा काम गर्न जनाएको छ । मन्त्रालयले राहदानी विभाग, राष्ट्रियता र ट्राभल डकुमेन्ट, ट्राफिक तथा फौजदारी प्रमाण तथा सूचना (फिंगरप्रिन्ट)सम्बन्धी सेवा प्रदान गर्ने सेवामूलक विभाग बिहान ८ बजेदेखि राति १२ बजेसम्म सञ्चालन हुने जानकारी सामाजिक सञ्जालमार्फत दिएको छ ।

# प्राप्ति श्रेष्ठ बनिन् एसईई प्रिन्सेस, शिक्षकहरु सम्मानित

**काठमाडौं/मस-** सिजन मिडियाद्वारा आयोजित नामी कलेज एसईई प्रिन्सेस २०२४ सम्पन्न भएको छ । एसईई प्रिन्सेसको १२औं संस्करणको विजेताको ताज प्राप्ति श्रेष्ठले पहिरन सफल भएकी छन् । उनले एसईई प्रिन्सेससँगै मस्ट टेयालेन्टको अवार्ड पनि हात पारिन् भने फष्ट रनरअप प्रीति शर्मा, सेकेण्ड रनरअप निरजरा श्रेष्ठ, थर्ड रनरअप ज्यास्मिन धमेना र फोर्थ रनरअप शुभ के.सी. भए ।




विजेता श्रेष्ठले ल्यापटप तथा नामी कलेजमा एक लाख बराबरको छात्रवृत्ति प्राप्त गरिन् । फष्ट र सेकेण्ड रनरअपले क्रमशः स्यामसङ मोबाइल फोनका साथै प्लस टु अध्ययनका लागि छात्रवृत्ति प्राप्त गरे भने थर्ड र फोर्थ रनरअपले डिजिटल स्मार्ट वाचका साथै छात्रावृत्ति पाएको आयोजकले जनाएको छ ।

त्यसैगरी, अन्य विविध सव टाइटलमा अर्गनाइजर च्वाइस इभा कपाली, पपुलर च्वाइस सविना तामाङ, मिस स्टाइलिस क्रीस्मि गुरुङ, भियोर्स च्वाइस कृपा केसी, फोटोजेनिक रन्जना ठकुरी, क्रियटिभ अवार्ड एकता अर्याल र बेष्ट वाक सिचु मर्हजनले हात पार्न सफल भए ।

कार्यक्रम वन तथा वातावरण मन्त्री नवल किशोर साह सुडीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । यस्ता कार्यक्रमले विद्यार्थीको प्रतिभा उजागर गर्न सहयोग पुऱ्याउने र विद्यार्थीहरुको आत्मविश्वास बढाउने मन्त्री सुडीले धारणा राखे । विद्यार्थीको प्रतिभा उजागरमा सहयोग पुऱ्याउने यस्ता कार्यक्रमको विशेष महत्व रहने बताउँदै उनले यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा विभिन्न विद्यालयमा अध्यापन तथा व्यवस्थापनमा लामो समयदेखि सक्रिय शिक्षक तथा शिक्षिकाहरुलाई विशेष शैक्षिक सेवा सम्मान २०८१ द्वारा सम्मान गरिएको थियो । स्वस्तीश्री गुरूकुल आई विवल्ड स्कुलकी प्रिन्सिपल नेहा केसी, मनमोहन मेमोरियल कलेजका प्रिन्सिपल द्रोणबहादुर अधिकारी, रिलायन्स कलेजका प्रिन्सिपल रविन्द्रजंग थापा,साउथ वेस्टन स्टेट कलेजकी इन्टरनेशनल रिलेसन्स कोओर्डिनेटर सरिता शाक्य प्रधान, रेडन कलेजका एकेडेमिक डाइरेक्टर सुनोज कैनी, मिड भ्याली कलेजका बजार व्यवस्थापन प्रमुख देवेन्द्र तिमिल्सिना, शिक्षा पत्रकार मकर श्रेष्ठ, काठमाडौं मोडेल कलेजका गुणस्तर प्रत्यायन प्रमुख ध्रुवप्रसाद तिमिल्सिना, काठमाडौं भ्याली कलेजकी प्रिन्सिपल संगीता श्रेष्ठ, प्याब्सन टोखाका अध्यक्ष टंककुमार चापागाईं, हिसान बामगती प्रदेशका सचिव आन्नदकुमार यादव, हिसान काठमाडौंकी अध्यक्ष जेसिका चेमजोङ र पोखरा विश्वविद्यालयका उपप्राध्यापक प्रेम गुरुङलाई सम्मान पत्र तथा दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

प्रतियोगिताको निर्णायक मण्डलमा मोटीभेसनल स्पीकर राजन कोइराला, फिल्म लेखक विकास सुवेदी, सिनियर एयरहोस्टेस अस्मीता खनाल, मोडल सोनाम केसी, व्यवसायी तथा समाजसेवी अमित शर्मा, पर्यटन व्यवसायी संगिता रौनीयार, बयूटीसियन लसता शाक्य रहेका थिए ।

# गाउँ–गाउँमा सिंहदरबार जनतालाई छैन सुशासनको अनुभूति

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ३१ जेठ

संविधानले स्थानीय तहमा स्वायत्तता शासनका लागि शक्तिशाली सरकारको परिकल्पना गरेको छ, तर गाउँ-गाउँमा रहेको सिंहदरबारले जनतामा सुशासनको अनुभूति भने दिन सकेको छैन ।

महालेखाको प्रतिवेदनले नै स्थानीय तहमा चरम भ्रष्टाचार भइरहेको जनाएको छ । स्थानीय तहमा ऐन नियमको परिपालना, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन र सेवा प्रवाहलगायतका विषयमा व्यापक बेथिति पाइरहेको छ ।

स्थानीय सरकारले अनियमितता रोक्नुपर्ने दायित्वबाट विमुख भएको देखिएपछि यसले भ्रष्टाचारको पराकाष्ठा नाघेको छ । त्यसकारण स्थानीय तहको बेरुजु रकम बढ्दै गइरहेको पाइएको छ ।

यसरी जनस्तरमा स्थानीय सरकारमाथि भ्रष्टाचारको आरोप लागिरहेका बेला महालेखा परीक्षकको प्रतिवेदन २०८१ ले त्यसलाई छर्लंग पारिदिएको छ ।

सप्तरीको महादेवा र तिलाठी कोईलाडी गाउँपालिका पनि यसैको नमुना बनेको छ।

महादेवा गाउँपालिकाको अहिलेसम्म १९ करोड १४  लाख ८८ हजार र तिलाठी कोईलाडी गाउँपालिकाको ४१ करोड २० लाख १९ हजार बेरुजु रकम पुगेको छ । यी पालिकाहरु भ्रष्टाचारमा लिप्त रहेको प्रतिनिधि पालिका मात्रै हो । देशभरका स्थानीय तहमा यसैगरी अनियमितताको




चाङ देख्न सकिन्छ ।

आर्थिक वर्ष २०७९/०८० मा यस पालिकाले ५ करोड ६७ लाख ३४ हजार रुपैयाँ अनियमितता गरेको मलेपको प्रतिवेदनले देखाएको छ । जसमा २ करोड ५८ लाख २१ हजार रुपैयाँको प्रतिक्रिया महालेखाले प्राप्त गरेको बताएको छ । प्राप्त प्रक्रियामाथि कारबाही गरिँदा बाँकी असुल गर्नुपर्ने ३६ लाख ७३ हजार रुपैयाँ रहेको मलेपको रिपोर्टमा उल्लेछ ।

यस पालिकाले कागजात पेश नै नगरी १ करोड १३ लाख १८ हजार रुपैयाँ हिनामिना गरेको मलेपले औंल्याएको छ । पेस्की बाँकी २३ लाखसमेत गरी यस वर्ष ३ करोड २४ लाख ४२ हजार रुपैयाँ कायम रहेको पाइएको छ । यस पालिकाले तलबी प्रतिवेदन तयार नगरी स्वास्थ्यतर्फको कर्मचारीलाई २ करोड ५४ लाख ८२ हजार र पालिका कर्मचारीलाई १ करोड ४९ लाख ९९ हजार गरी ४ करोड ४ लाख ८१ हजार खर्च लेखेको पाइएको छ । यसरी तलबी प्रतिवेदन तयार नगरी खर्च गरेको रकममा बढी हुन सक्ने मलेपले औंल्याएका छन् ।

त्यसैगरी यस पालिकाले गौस्वरा भोचर नम्बर १३ मा ५ हजार रुपैयाँ प्रतिदिनका दरले आउने २७ दिनको १ लाख ४० हजार रुपैयाँ गाडीभाडा कुन प्रयोजनका लिइएको उल्लेख गरिएको छैन ।

यसरी भाडा बापत गाउँपालिका अध्यक्षको आफन्तकै गाडीलाई भुक्तानी दिएको भनी चर्चा रहेको पाइन्छ । त्यस्तै पालिकाले अधिकार क्षेत्रभित्र नपर्ने गजेन्द्रनारायण सिंह अस्पतालका कर्मचारीलाई भुक्तानी दिएको छ । त्यस्तै,राजविराजस्थित सम्पर्क कार्यालयका लागि मासिक ८ हजार ५ सयका दरले ८५ हजार भाडा बापत भुक्तानी दिएको छ,जुन नियमविपरीत रहेको मलेपले औंल्याएको हो ।

त्यस्तै,तिलाठी कोईलाडी गाउँपालिका समेतले अनियमितताको हद पार गरेको देखिन्छ । यस पालिकाको २०७९/०८० मा ४ करोड १८ लाख ४८ हजार बेरुजु कायम रहेको छ । गत वर्ष ३७ करोड २ लाख २४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्म ४१ करोड २० लाख १९ हजार बेरुजु रहेको मलेपले देखाएको छ । यो पालिकामा आर्थिक वर्षको अन्त्यतिर अत्यधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति कायमै रहेको पाइन्छ ।

त्यस्तै,यस पालिकाले बैठक भत्ता, तालिम र गोष्ठीमा नियमविपरित ७९ लाख ८० हजार खर्च गरेको  पाइएको छ । यसैगरी यस पालिकाले विविधमा ५२ लाख ७४ हजार खर्च गरेको पाइएको छ ।

यो पालिकाले ७ कार्यक्रमका लागि २ करोड ४१ लाख ४१ हजार एक सय ६३ रुपैयाँ पेस्की दिएको छ । जसमा धेरै प्रचार गरिएको वाटर फन पार्क निर्माणका लागि बंगलामुखी सिवाको रायुष जेभीलाई मात्रै १६ लाख २६ हजार पेस्की दिएको छ । त्यसैगरी आरसीसी ढलानमा उपाध्यक्षले गुणस्तरीय कार्य भएको भनी हस्ताक्षर गरेको भएपनि काम इस्टिमेट बमोजिम नभएको मलेप रिपोर्टले देखाएको छ । साथै यस पालिकाले असार मसान्तमा ६२ लाख रुपैयाँ बढी पेस्की दिएको खुलेको छ ।

स्थानीय तहमा सुशासनको अनुभूति भइरहेको छैन । जनता स्थानीय सरकारको अनियमितताले आजित देखिन्छ । वित्तीय अनुशासनको परिपालना नभइरहेको स्थानीय तहमा सुशासनमा चुनौती थपिँदै गएको छ । यसले जनताको राजस्वमा स्थानीय तह रजाइँ गरिरहेको देखाउँछ । जनताको राजस्वमा ब्रह्मलुट मच्चाउने स्थानीय जनप्रतिनिधिहरु मालामाल भइरहेको पाइन्छ ।

# मन्त्री जोशीद्वारा निर्माणाधीन चैनपुर सेती जलविद्युत आयोजनाको अवलोकन

**सत्यराज सिंह/मध्यान्ह**
बभाङ, ३१ जेठ



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री भानुभक्त जोशी र प्रदेशसभा सदस्य दमन भण्डारीले बुधबार तलकोट गाउँपालिका- ३ स्थित बष्टीमा रहेको निर्माणाधीन चैनपुर सेती जलविद्युत आयोजनाको अवलोकन गरेका छन् ।

मन्त्री जोशी र प्रदेशसभा सदस्य भण्डारीले देशकै गौरवको आयोजनाका रुपमा लिइएको २१० मेगावाटको तीन वटा टनेल र विद्युतगृहको भ्रमण अवलोकन गरेका हुन् ।

मन्त्री जोशी र प्रदेशसभा सदस्य भण्डारीले आयोजनालाई छिटोछरितोरुपमा निर्माण सम्पन्न गर्नका लागि सबैले सघाउनुपर्नेमा जोड दिए । सो क्रममा मन्त्री जोशीले बष्टी गाउँ नजिक रहेको टनेलको स्वीच अन गरेर टनेल ब्लाष्टिङ कार्य पनि अगाडि बढाएका छन् ।

अवलोकनपछि चैनपुर सेती जलविद्युत आयोजनाका कार्यकारी निर्देशक अनिल भक्त श्रेष्ठको अध्यक्षतामा सर्वपक्षिय भेला पनि भएको थियो । कार्यकारी निर्देशक श्रेष्ठले आयोजनाको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुका साथै समस्या, चुनौती र परियोजनाले गर्ने सामाजिक उत्तरदायित्वका कामका बारेमा जानकारी दिएका थिए । भेलामा प्रभावित समुदायको समस्या तथा माग सम्बोधन गरिने र अबदेखि स्थानीयले पनि अवरोध नगर्ने प्रतिबद्धता जनाइएको छ ।

नेपाल विद्युत प्राधिकरणद्वारा निर्माणाधीन चैनपुर सेती जलविद्युत आयोजनाको काम तीव्र गतिमा अघि बढाइएको छ । तलकोट गाउँपालिकामा गत फागुन ४ गतेबाट शुरु गरिएको २१० मेगावाट जलविद्युत आयोजनाअन्तर्गत अहिले अडिट सुरुङ निर्माण शुरु भएको छ । चैनपुर सेती जलविद्युत आयोजनाका भूगर्भविद् अर्जुनकुमार पाण्डेले अहिले तीन वटा अडिट सुरुङ र प्रसारण लाइन निर्माणका लागि सर्भे भइरहेको बताए ।

एउटा अडिट सुरुङको एक सय ३० मिटरभन्दा बढी काम पूरा भइसकेको छ भने अर्को अडिट सुरुङको २३ मिटर खनिएको र एउटा अडिट सुरुङ बस्ती नजिक भएकाले हालै मात्रै शुरु गरिएको पाण्डेको भनाइ छ । चार वर्षसम्म सम्भाव्यता अध्ययन भएर निर्माण शुरु गरिएको गौरवको आयोजना चैनपुर सेती जलविद्युत आयोजनामा आगामी आर्थिक वर्षका लागि पनि सरकारले बजेट विनियोजन गरेको छ । प्राधिकरणले आगामी पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको जनाएको छ ।

चैनपुर सेती जलविद्युत आयोजनाको २०७४/२०७५ देखि अध्ययन शुरु भएको थियो । जलविद्युतको बाँध ५४ मिटर गहिरो र ५३ मिटर उचाइमा रहेको र ३ वटा थिग्राउने पोखरीबाट आएको पानी अर्धभूमिगत हुने छ । आयोजनाले वार्षिकरुपमा १२ सय ६ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ ।

आयोजना निर्माण गर्न करिब ४७ अर्ब ५५ करोडको लागत अनुमान गरिएको आयोजनाका निर्देशक श्रेष्ठले बताए । गाउँपालिकामा देशकै दोस्रो ठूलो गौरवको आयोजना बन्न लागेकाले स्थानीयले रोजगार पाउनुका साथै केही वर्षमा स्थानीय र प्रदेश सरकारलाई राजस्व पनि प्राप्त हुने भएकाले आयोजना समयमै निर्माण सम्पन्न गर्न आयोजनाका प्रमुखलाई तलकोट गाउँपालिका अध्यक्ष कलक बहादुर रोकायाले आग्रह गरेका छन् ।

मन्त्री जोशीलाई सेती नदीको राताढुंगामा पुल निर्माणका लागि बजेट विनियोजन गर्न र धार्मिक तथा ऐतिहासिक महत्व बोकेको तपोवनको संरक्षणका लागि समेत बजेट विनियोजन गरिदिन अध्यक्ष रोकायाले अनुरोध गरेका छन् ।

# आयुर्वेद सेवा सञ्चालनका लागि बजेटको चिन्ता



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३१ जेठ

जुम्लामा जेष्ठ नागरिकका लागि निःशुल्क रुपमा सञ्चालन हुँदै आएको आयुर्वेद उपचार सेवाका लागि बजेट अभाव हुन थालेको छ।

चन्दननाथ नगरपालिका र आयुर्वेद स्वास्थ्य केन्द्रको सहयोगमा उक्त सेवा सञ्चालन हुँदै आएको छ ।

जेष्ठ नागरिकको कार्यालयमै आयुर्वेद फार्मेसी स्थापना, जेष्ठ नागरिकका दाह्री, कपाल काट्ने, मसाज गर्ने   लगायतका सम्पूर्ण सेवा निःशुल्क दिँदै आएको छ ।

धेरैजसो जेष्ठ नागरिक कार्यालयमै आउने भएकोले सोही ठाउँमा आयुर्वेद सेवा उपलब्ध गराइएको आयुर्वेद स्वास्थ्य केन्द्र जुम्लाका प्रमुख नन्दप्रसाद न्यौपानेले बताए । उनका अनुसार चन्दननाथ नगरपालिकाको सहयोगमा आयुर्वेद स्वास्थ्य केन्द्रले सेवा दिन थालेको हो । आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि चन्दननाथ नगरपालिकाले २० लाख रुपैयाँ विनियोजन गरेको थियो । जसले आयुर्वेद फार्मेसी कक्ष सञ्चालन, आयुर्वेद औषधी खरिद, स्नेह कक्ष, आराम कक्ष तथा आयूर्वेद वाफ कक्षको व्यवस्थापन गरिएको छ । यस नगरपालिकाका मात्र नभइ जुम्ला जिल्ला भरीका  जेष्ठ नागरिक सेवा लिन आउन थालेका छन् ।

यो सेवालाई निरन्तरता दिनका लागि बजेटको अभाव छ । जेष्ठ नागरिक संघमै सेवा दिनका लागि दुई जना कर्मचारी राखिएको छ । दाह्री र कपाल काट्नको लागि एक कर्मचारीको व्यवस्था गरिएको छ ।

उनले भने,'त्यहाँ बाहिरका पनि कपाल र दाह्री काट्ने सेवा लिन आउने गरेका छन् ।'  जेष्ठ नागरिक संघमा रहेको हाइजिन मेण्टेन सेन्टरमा आउनेलाई बजारको भन्दा केही सस्तो शुल्क लिने गरिएको छ । त्यो शुल्क जेष्ठ नागरिक संघमै जम्मा गरिने गरिएको छ ।

चन्दननाथ-१० बोहोरागाउँमा भएको आयूर्वेद अस्पतालमा जान टाढा र कठिन भएकोले ज्येष्ठ नागरिकको कार्यालयमा सेवा दिन थालिएको भन्दै ज्येष्ठ नागरिकहरु निकै खुसी छन् । यो सेवालाई दिर्घकालिन रुपमा सञ्चालन गर्नका लागि तिनै तहको सरकारले आवश्यक बजेटको पहल गर्नुपर्ने जेष्ठ नागरिकहरुले बताएका छन् ।

आयुर्वेद स्वास्थ्य केन्द्र जुम्लाले पनि कर्णाली प्रदेश सरकारलाई जेष्ठ नागरिकलाई निःशुल्क आयुर्वेद सेवाका लागि बजेट आगामी आउने बजेट विनियोजन गरिदिन हुन भन्दै अनुरोध गरेको बताएको छ ।

त्यस्तै पूर्व राज्य मन्त्री तथा नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य गोमा गौत्तम (कुंवरले) आयुर्वेद स्वास्थ्य केन्द्रले जेष्ठ नागरिकमैत्री स्वास्थ्य सेवा सञ्चालन गरेको प्रति आभार व्यक्त गरिन् । उनले भनिन्,'जेष्ठ नागरिक सबैका साँझा हुन् ।' भगवानलाई पुजा गर्न सधैँ मन्दिर जानुपर्दैन । उनले जेष्ठ नागरिकलाई सेवालाई नियमित बनाउन प्रदेश सरकारसँग आवश्यक पहल गर्ने प्रतिवद्धता गरिन् । उनका अनुसार सबै भोलिका ज्येष्ठ नागरिक भएकाले ज्येष्ठ नागरिकको सेवा सबैभन्दा महत्वपूर्ण रहेको छ ।

# शितगंगा–११ मा आयमूलक योजना ल्याउन सुझाव

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३१ जेठ

अर्घाखाँचीको शितगंगा नगरपालिका वडा नम्बर १४ का स्थानीयबासीहरुले वडालाई नगरमै उत्कृष्ट बनाएको भन्दै वडा अध्यक्षसहित सिंगो वडालाई धन्यवाद दिएका छन् । शितगंगा १४ को  वडा कार्यालयमा भएको वार्षिक बजेट, वडा सभा एवं सुझाव संकलन कार्यक्रममा बोल्ने स्थानीय अगुवाहरुले वडा उत्कृष्ट भएको भन्दै धन्यवाद दिए ।

कार्यक्रममा बोल्दै नगरका पूर्व नगरउपप्रमुख टिका बहादुर रेस्मीले आफु नगर उपप्रमुख हुँदा वडा नम्बर १४ को विकासका  लागि धेरै महत्वपूर्ण सहयोग गरेको बताउँदै  अहिले जनप्रतिनिधि नभए पनि तनमन वचनले  सहयोग गरेको बताए ।

उनले आगामी वर्षहरुमा वडाले भौतिक कार्यक्रमलाई भन्दा पनि स्थानीयबासीको आर्थिक अवस्था सुधार गर्ने खालका आयमूलक योजना ल्याउन जनप्रतिनिधिलाई सुझाव दिए ।

कार्यक्रममा वडा अध्यक्ष दामोदर न्यौपानेले चालु आर्थिक वर्षका योजनाहरुको प्रगति प्रस्तुत गर्दै आगामी आर्थिक वर्षको बजेटका लागि सुझाव संकलन गर्ने उद्देश्यले कार्यक्रम राखिएकोले जनताको आवश्यक्ता अनुसार बजेट बनाउने बताए ।

## मुनाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको

**तपशिलमा उल्लेखित सदस्य ऋणीलाई कर्जा चुत्ता गर्न आउने अत्यन्त जरूरी सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/३२

यस सहकारी संस्थाबाट कर्जा लिनु भएका तपसिल बमोजिमका सदस्य ऋणीले यस संस्थासँग भएको गरेको सम्झौताको कर्जा भुक्तानी तालिका अनुसार कर्जाको साँवा ब्याज नतिरि नबुझाई बाँकी राख्नु भएको र निजहरूलाई संस्थाको तर्फबाट पटक पटक लिखित तथा मौखिक रूपमा ताकेता गर्दा समेत निजहरुले कर्जा भुक्तानी गर्ने तर्फ कुनै पहल नगरेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित मितिले ७ दिनभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज र संस्थाबाट लिने अन्य दैदस्तुर र हर्जना ब्याज समेत चुक्ता भुक्तानी गर्नु हुन पुन : सूचित गरिन्छ । अन्यथा निजले यस संस्थामा धित्तो स्वरूप लेखी लेखाई दिएको तपशिल बमोजिमको अचल सम्पती लिलाम विक्री गरी सहकारी ऐन २०४८ को दफा ३९ सहकारी  नियमावली २०४९ को नियम २५ बमोजिम संस्थाले आफ्नो कर्जा रकम असुल उपर गरी लिने र सो धित्तो लेखिदिएको अचल सम्पतीबाट असुल उपर गर्दा नपुग भएमा निजको नाममा भएको वा निजको हक लाग्ने अरू अन्य अचल श्री सम्पती समेतबाट असुल उपर गरिने र सोबाट समेत नपुग भएमा व्यक्तिगत जमानीकर्ताबाट समेत असुल उपर गरिने बेहोरा अवगत गराईन्छ ।

| ऋणीको नाम तथा विवरण | धित्तो/व्यक्तिगत जमानिकर्ताको विवरण |
|---|---|
| **ऋणीको नाम :** लिलाकुमारी उप्रेती (मैनाली)<br>**ऋणीको पतिको नाम :** शम्भु प्रसाद मैनाली<br>**ऋणीको ससुराको नाम :** खडानन्द मैनाली<br>**व्यक्तिगत जमानि :** इन्दीरा माया (उप्रेती)<br>**पतिको नाम :** हरीचन्द्र वतौला<br>**ससुराको नाम :** कुमार प्रसाद वतौला<br>**व्यक्तिगत जमानि :** शम्भु प्रसाद मैनाली<br>**बुबा :** खडानन्द मैनाली<br>**बाजे :** शिव शंकर मैनाली | श्री मालपोत कार्यालय, ललितपुर मा खडानन्द मैनाली को बुहारी शम्भु प्रसाद मैनाली को श्रीमति लिला कुमारी उप्रेती (मैनाली) र कुमार प्रसाद बतौला को बुहारी हरी चन्द्र वतौला को श्रीमती ईन्दिरा माया (उप्रेती) वतौला नाँउमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला लामाटार गा.वि.स वाडा नं.४ को कित्ता नं.९३२को ०-४-०-० जग्गा । |

**मुनाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
गोंगबु, काठमाण्डौ, फोनः ०१-४३५१००५

## Bishnupur Rural Municipality
## Office of Rural Municipal Executive
**Bishnupur, Saptari, Nepal**

**Notice for the Letter of Intent (LOI)**

**Date : 2081-02-32 (14-June-2024)**

Pursuants to Sub Clauses 27.2 and 27.3 of Public Procurements Act 2063 (Revised), this is to notify all the bidders who submitted their bids for the Contract identification No BRM/Saptari/Work/NCB/03/080/081, Wada No. 5 Majhau ko Ram Tole ma pakki sadak tatha nala nirman karya. The issuance of Letter of Intent is the information of the selection of the bid of the successful bidder by the employer and for providing information to other unsuccessful bidders who participated in the bid as regards to outcome of the procurement process. This standard form of Letter of Intent to award should be filled in and sent to the successful Bidder only after evaluation and selection of substaintially responsible lowest evaluated bid. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 with its revision.

| Contract ID. | Name of the Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price Nrs. (excluding P.S & VAT) |
|---|---|---|---|
| BRM/Saptari/Work/NCB/03/080/081 | Wada No. 5 Majhau ko Ram Tole ma pakki sadak tatha nala nirman karya | Jalpa Nirman Sewa, Inaruwa-7, Sunsari, Nepal | 28,11,686.50/-  [Npr Twenty Eight Lakh Eleveen thousand Six hundred Eight Six rupees and fifty paisa] |

**Chief Administrative Officer**

## UAE मा रोजगार |
कम्पनी: BARARI NATURAL RECOURCES LLC
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/०८/२४ | चलानी नं.: ६०२११३९० | L.T. No.: 296241 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 125 | 0 | स. काममा दक्ष | 800 | २९,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ७ गते (21 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं.: ८२३/०६६/०६७
**Al Secure Manpower Recruitment P. Ltd.**
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, 9802070410 | Email: documentation@smrnepal.com | Website: smrnepal.com

## Malta मा वैदेशिक रोजगारको अवसर
कम्पनी : MAGNESTEEL RECRUITERS CO LTD
शहर : MALTA,Naxxar

पूर्व स्वीकृत मितिः २०८१/०२/३१ | चलानी नं.: ६०२२११०४ | L.T. No.: 306414

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: EURO | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Drivers | 50 | 0 | स. काममा दक्ष | 932 | १३३७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bus Auto Mechanics | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 3. | Bus Auto Electricians | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 4. | Bus Auto Electronic Technicians | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 5. | Bus Auto Hydraulic Technicians | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 6. | Bus Auto Air Condition Technicians | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 7. | Delivery Drivers | 20 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 8. | Heavy Truck Drivers | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 9. | Welders | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 10. | Steel Sheet Fabricators | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 11. | Pipe Fitters | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 12. | Crane Operators | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |
| 13. | Construction Masons | 10 | 0 | | 932 | १३३७६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ७ गते (21 June 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ८०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

KASKI OVERSEAS Pvt.Ltd
Govt. Lic. No. 1091/073/074
**कास्की ओभरसिज प्रा. लि.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-4587733
9842937392 | 9843524241 | 9865822499
Email:  kaskioverseasnepal@gmail.com



मध्यान्ह
www.madhyanhadaily.com
३२ जेठ २०८१, शुक्रबार
14 June 2024, Friday

## सम्पादकीय

### मनसुनले दिइरहेको सन्देश

केही दिन यता बाढी, पहिरोका कारण पुगिरहेको क्षतिको विवरण सार्वजनिक हुन थालेको छ । आमसञ्चार माध्यमहरूमा आएको समाचार अनुसार, बिहीबार मात्रै संखुवासभाको खाँदबारी नगरपालिका–१ मा पहिरोले तीन घर सहित एउटा गोठ बगाएको छ । बिहीबार नै चितवनको इच्छाकामना गाउँपालिका–४ स्थित त्रिशुली नदीमा बगेका एक पुरूषको सकुशल उद्धार गरिएको छ । सनसुन सुरू भइरहँदा भएका यी प्रतिनिधि घटना हुन् । किनकि मनसुन देशभर पुग्नै बाँकी छ । राजधानी उपत्यका सहित देशका अधिकांश भू–भागमा गर्मीले जनजीवन नराम्रोसँग प्रभावित भइरहेको छ । गर्मीले बस्नै नसकिने अवस्था सिर्जना हुँदा तराई मधेशका जिल्लाहरूमा बालबालिका बेहोस् बनेको सूचना सार्वजनिक भइरहेको छ । अर्थात् एकातिर गर्मी बढिरहेको, सुख्खा मौसमले बसोबासमा कठिनाइ भइरहेको समाचार आइरहेको छ भने अर्कातिर बाढी र पहिरोबाट क्षतिको विवरण सार्वजनिक भइरहेको छ ।

